# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३।०८४

प्रेस विज्ञप्ति नं. :४६७

मिति: २०८३।०४।१८ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### नेपालगञ्जबाट लागु औषध खैरो हेरोईन ५७८.९५० ग्राम सहित २ जना पक्राउ ।

भारतको बाह्रपंखीबाट लागु औषध खैरो हेरोईन खरिद गरि ल्याई कर्णाली प्रदेश र लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरुमा बिक्री गर्दै आएका पटके कारोबारी अरुण कुमार जयसवाल र सुशिल भण्डारी समेत २ जनालाई लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय नेपालगञ्जबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।१८ गते जिल्ला बाँके नेपालगञ्ज उ.म.न.पा. वडा नं. ४ बाट लागु औषध खैरो हेरोईन १५३.९५० ग्राम सहित पक्राउ गरी थप अनुसन्धानको सिलसिलामा अरुण कुमार जयसवालको घर खानतलासी गर्दा घरको कोठामा रहेको दराजभित्र संचय गरि राखेको खैरो हेरोईन ४२५ ग्राम समेत फेला पारी बरामद गरि थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय, बाँके बुझाईएको ।

**निम्न:-**

**पक्राउ प्रतिवादीहरुको विवरण**

१. जिल्ला बाँके, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ४ ठेगाना भएको वर्ष ३० का सुशिल भण्डारी ।

२. जिल्ला बाँके, नेपालगञ्ज उ.म.न.पा. वडा नं १० ठेगाना भएको वर्ष ५५ का अरुण कुमार जयसवाल ।

**बरामद सामानहरुको विवरण**

**१. लागु औषध खैरो हेरोईन ५७८ ग्राम ९५० मिलिग्राम**

२. डिजिटल तराजु थान १

३. मोबाइल थान २

४. नेपाली रुपैयाँ १,८०,००० (एक लाख असी हजार) र भारतीय रुपैयाँ २,१४,००० (दुई लाख चौध हजार)

***नोट:- अरुण कुमार जयसवाल लागु औषध खैरो हेरोईन मुद्दामा मिति २०७५।०६।२४ गते २४ ग्राम खैरो हेरोईन सहित पक्राउ परी३ बर्ष कैद भुक्तान गरी छुटेको अभिलेखबाट खुल्न आएको ।***

**प्रवक्ता/सुचना आधकारी**

**( दुर्गा राज रेग्मी )**

**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]

नेपाल प्रहरी